# केन्द्रीय तरकारी बीउ उत्पादन केन्द्रको लागि कार्यसम्पादन सम्झौता

सम्झौता कार्यान्वयन गर्ने- श्री अरुण काफ्ले पद- वरिष्ठ तरकारी विकास अधिकृत
सेवा- नेपाल कृषि
समुह- वागवानी
श्रेणी- रा.प.द्वि.(प्रा)
विभाग- कृषि
समिक्षा गर्ने अवधि- अर्ध वार्षिक तथा वार्षिक

## १. पृष्ठभूमि

कृषि क्षेत्र नेपालको समग्र आर्थिक विकासको आधारशिलाको रूपमा रहेकोले कृषिको व्यवसायिकरण तथा विविधिकरणको माध्यमबाट मात्र दिगो एंव सन्तुलित विकासको परिकल्पना गर्न सकिन्छ। कृषिलाई विविधिकरण गरेर व्यवसायिकरणमा रूपान्तरण गर्दै खाध्य सुरक्षाको सुनिश्चितता र गरिबी निवारणमा योगदान गर्ने कृषि विभाग अन्तरगत रहेका विभिन्न विषयगत निर्देशनालयहरूमध्ये तरकारी विकास निर्देशानालय अन्तरगतको केन्द्रिय तरकारी बीउ उत्पादन केन्द्र २०३० सालमा स्थापना भएको फार्म हो। यस केन्द्रले विभिन्न तरकारीको बीउ उत्पादन गर्नुका साथसाथै सिजनअनुसारको तरकारीको बेर्ना उत्पादन र बिक्रि वितरण गर्दछ।यस केन्द्रको मुख्य क्रियाकलापमा बीउ तथा बेर्ना उत्पादन एवं बिक्रि वितरण, तरकारी तथा आलंकारीक विरूवा/बेर्ना/बीउको जातीय जर्मप्लाज्म सकंलन तथा सम्बर्द्धन, उन्नत खेति प्रविधि अध्ययन, परिक्षण तथा प्रदर्शन, प्राबिधिक सेवा, स्थलगत तालिम, प्रविधिक सामाग्री प्रकाशन तथा वितरण आदि रहेका छन्।

## २. समस्या, चुनौति तथा अवसर

देशमा तरकारीको मागको ठूलो हिस्सा स्वदेश बाटै उत्पादन हुने तथा केहि विदेशवाट आयातमा निर्भर रहेको वर्तमान सन्दर्भमा देशमानै तरकारीको गुणस्तरीय उत्पादन अभिवृद्धिमार्फत निर्यात प्रव र्द्धन तथा आयात प्रतिस्थापनको प्रचुर सम्भावना नै यस क्षेत्रको मुख्य अवसर हो । गुणस्तरीय श्रोत बीउ/वेर्ना लगायत अन्य कृषि उत्पादन सामग्रीहरुको समयमै उपलव्धता नुहुनु, कतिपय उदीयमान तरकारी वालीहरुको प्रविधिहरु उपलव्ध नहुनु, यस क्षेत्रमा अनुसन्धान कम हुनु, दक्ष जनशक्तिको कमी लगायतका समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

## ३. कार्यसम्पादन सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने कार्यहरु (आ.व २०७३/७४)

केन्द्रीय तरकारी वीउ उत्पादन केन्द्रले तल उल्लेखित कार्यहरुलाई प्रभावकारी, किफायती र विवेकपूर्ण ढंगवाट सम्पादन गर्ने अपेक्षा गरिएको छ । कार्यान्वयनको लागि स्वीकृत बार्षिक कार्यक्रमको परिधिभित्र रही लक्ष्यहरु तय गरिएको छ । लक्ष्य र सूचक तल उल्लेख भए बमोजिम हुनेछ ।

### ३.१ कार्यसम्पादन अवधिभर सम्पन्न गर्ने सृजनात्मक कार्य (स्विकृत कार्यक्रम बाहेक)

| क्र.सं. | कार्य विवरण | समय | मापन गर्ने आधार |
|---|---|---|---|
| १ | कलमी प्रविधिवाट बेर्ना उत्पादन | २०७३/७४ | उत्पादन भएका विरुवा |

३.२ बार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन मूल्यांकनको सुचकाङ्क

| क्र.सं. | सूचकहरु | इकाई | बार्षिक लक्ष्य | बार्षिक प्रगित | हासिल गर्नुपर्ने न्यूनतम | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भौतिक प्रगति | % | १०० | | ८० | | |
| २ | भारित प्रगति | % | १०० | | ८० | | |
| ३ | वित्तिय प्रगति | % | १०० | | ७५ | | |
| ४ | बेरुजु फछ्यौंट | % | १०० | | ५० | | |
| ५ | तरकारी बेर्ना वितरण | संख्या | २७ लाख | | २७ लाख | काठमाण्डौ र यस आसपासका जिल्लाका किसानहरुले गुणस्तरीय बेर्ना बाट तरकारी उत्पादन गर्ने | |
| ६ | ब्यवसायिक तरकारी उत्पादन तालिम फिल्ड स्तर | पटक | ९ | | ९ | १८० जना कृषकले उन्नत प्रविधिको अवलम्बन गरी तरकारी उत्पादन गर्ने | |
| ७ | घुम्ती तथा स्कुल हर्टिकल्चर तालिम | पटक | १२ | | १२ | २४० कृषक तथा विद्यार्थीले तरकारी खेति बारे जानकारी पाई ब्यबहारमा उतार्ने | |
| ८. | तरकारी मूल बीउ उत्पादन | के.जी | ३०० | | ३०० | फार्म भित्र विभिन्न तरकारी बालीका ३०० के.जि. मूलवीउ उत्पादन भएको हुने | |
| ९. | सिर्जना गोलभेडाको बीउ उत्पादन | के.जी | २ | | २ | गोलभेडाको वीउको मागलाइ केही हदसम्म संबोधन हुने | |

४. लक्ष्य हासिल गर्नका लागि कार्य सम्पादन गर्न आवश्यक पर्ने बजेट, जनशक्ति र अन्य शाधन श्रोत

कार्यक्रममा उल्लेख भएका लक्ष्य हासिल गर्नका लागि थप जनशक्तिको आवश्यकता नपर्ने भए तापनि उल्लेखित लक्ष्य बाहेकका अन्य आवश्यक कार्यक्रम जस्तै कलमी प्रविधिसंग संबन्धित कार्य संचालन गर्नुपर्दा थप बजेट र जनशक्ति आवश्यक पर्नसक्ने।

५.कार्यसम्पादन सम्झौता अवधि र मूल्यांकन नतिजा

सम्झौताको अनुगमन अर्ध वार्षिक र बार्षिक रुपमा कृषि विकास मन्त्रालयबाट हुनेछ। मूल्याङ्कन गर्ने प्रयोजनका लागि कार्यक्रम निर्देशकले प्रत्येक माघ महिनाको १५ गते र श्रावण महिनाको १५ गते भित्र सम्झौता अनुसार सम्पन्न गरेका कार्यहरू उल्लेख गरिएको विवरण कृषि विकास मन्त्रालयमा पठाउनु पर्नेछ। माघमा प्राप्त प्रतिवेदनको आधारमा गरिने मूल्याङ्कन कार्य र प्रगतिको सामान्य समिक्षा र अर्धवार्षिक मूल्याङ्कन प्रयिजनका लागि उपयोग गरिने छ। आर्थिक वर्षको अन्त्यमा वा श्रावन महिनामा गरिने मूल्यांङ्कनलाई कार्यम्पादन मूल्याङ्कन फारममा अङ्क दिने प्रयोजनको लागि समेत उपयोग गरिने छ। साथै,

१.तोकिएको लक्ष्यको ९० प्रतिशतभन्दा बढी उपलब्धी हासिल गर्ने पदाधिकारीलाई निजामति सेवा पुरस्कार, बैदेशिक भ्रमण वा अध्ययन वा अन्य प्रोत्साही पुरस्कारको मनोनयनमा प्राथमिकता दिईनेछ।

२.तोकिएको लक्ष्यको ८० प्रतिशतभन्दा माथि उपलब्धी हासिल गर्ने पदाधिकारीलाई सोही पदमा निरन्तरता दिन सकिनेछ।

६. कार्यसम्पादन मूल्याङ्कन सूचकहरुको पुष्ट्याइका श्रोतहरु

मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन, सम्वद्ध निकायका तथ्यांकहरू तथा अनुगमन निरिक्षण प्रतिवेदनहरु।

७. कार्यसम्पादन सम्झौता रद्ध गर्न सकिने अवस्थाहरु

- सम्झौता अवधिमानै सम्वन्धित व्यक्ति सरुवा भइ अन्यत्र गएमा।

- काबुभन्दा बाहिरको परिस्थिति जस्तो लामो बन्द हड्ताल तथा प्राकृतिक प्रकोप आदिका कारण निर्धारित लक्षयहरु प्राप्त हुन नसक्ने अवस्था भएमा।
- नेपाल सरकारको निर्णय हनुसार नया सांगठनिक संरचना निर्माण भएमा।

८. कार्यसम्पादन सम्झौता कार्यान्वियनका लागि आवश्यक अधिकारहरु

- आफ्नो निकायलाई आवश्यक पर्ने बजेट बिनियोजन।
- आफू अन्तरगतका निकायहरुले कार्य सम्पन्न र कान्र्यन गरे नगरेको अनुगमन गरी नीति नियम विपरित भए गरेको देखिएमा कारवाही गर्ने गराउने।

९. कार्यसम्पादन सम्झौता शर्तहरु

- उल्लेखित कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट समयमै विनियिजन हुनुपर्ने।
- कार्यसम्पादन चुस्त र दुरुस्त गर्नाका लागि कतिपय निर्णय गर्ने अधिकार दिइनु पर्ने।
- अन्तर्रगतका निकायहरुमा कार्यरत दक्ष र अनुभवी जनशक्तिलाई अन्यत्र सरुवा गर्दा सम्वन्धित प्रमुखको परामर्श लिने व्यवस्था गर्नुपर्ने। केन्द्रिय तरकारी बिउ उत्पादन केन्द्रको , खुमलटारको फार्म प्रबन्धक, म अरुण काफ्ले उपलब्ध साधन श्रोतको उच्चतमा उपयोग गरी माथि उल्लेख भए बमोजिमको लक्ष प्राप्त गर्नेछु भनी निजामती सेवा ऐन, २०४९ को दफा १५(२) एवं निजामति सेवा नियमावली, २०५० को नियम ३४ ख २ तथा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा १९ मा भए बमोजिम यो कार्यसम्पादन सम्झौता अनुसार लक्ष्य हासिल भएमा वा हुन नसकेमा मेरो कार्यसम्पादन प्रभावित हुन्छ र पुरस्कार वा दण्ड सजाय हुन्छ भन्ने कुरामा म राम्ररी परिचित छु ।

..................

अरुण काफ्ले

फार्म प्रबन्धक

मिति :२०७३/४/१३

नेपाल सरकार कृषि विकास मन्त्रालय कृषि विभाग तरकारी विकास निर्देशनालय केन्द्रीय तरकारी बीउ उत्पादन केन्द्र खुमलटार, ललितपुर

..................

डा. गोबिन्द प्रसाद शर्मा

कार्यक्रम निर्देशक

मिति :२०७३/४/१५